नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(............अनुमतिपत्र महाशाखा...........................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- (अनुमतीपत्र) ०८१/८२
चलनी नं.:- १६०

मितिः २०८२/०१/१७

विषयः यारु खोला अर्धजलाशययुक्त जलविद्युत आयोजना (३०.५९ मे.वा.) को १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।

श्री यारू हाइड्रोपावर प्रा.लि.,
का.म.न.पा.-०२, लाजिम्पाट, काठमाडौं।
सम्पर्क फोन नं. ०१-६९११६३७
Email: pratapgurung886@gmail.com

उपरोक्त सम्बन्धमा तँहाबाट मिति २०८२/०१/१२ (दर्ता नं. ७८२३) मा यारू खोला अर्धजलाशययुक्त जलविद्युत आयोजना को १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि दिएको दरखास्त उपर कारवाही हुँदा तपशिल बमोजिमका नपुग कागजात/विवरणहरु ३५ (पैतिस) दिनभित्र पेश गर्नुहुन विभागको मिति २०८२/०१/१६ गतेको (महानिर्देशकस्तर) निर्णयानुसार अनुरोध छ।

तपशिलः

१. प्रवर्द्धक कम्पनीको उद्योग दर्ता प्रमाणपत्र, अद्यावधिक शेयर लगत तथा सञ्चालक लगतको अभिलेखको प्रमाणित प्रतिलिपि।
२. नापी विभागद्वारा प्रकाशित १:२५००० वा १:५०००० स्केलको स्थलरुप नक्शामा आयोजनाको प्रस्तावित मुख्य र वैकल्पिक लाईन समेत देखिने गरी रेखांकन गरिएको Route Alignment।
३. प्रस्तावित १३२ के.भी. विद्युत प्रसारण लाइन राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा पर्ने/नपर्ने तथ्यको विवरण।
४. नेपाल विद्युत प्राधिकरण र यारु खोला अर्धजलाशययुक्त हाइड्रोपावर प्रा.लि. बिच भएको यारु खोला अर्धजलाशययुक्त जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत खरिद बिक्रि सम्झौतापत्र (PPA) तथा Grid Connection Agreement को प्रमाणित प्रतिलिपि।
५. प्रवर्द्धक कम्पनीको विद्युत प्रसारण लाइनको सर्वेक्षण अनुमतिपत्रको विभागमा निवेदन गर्ने आशयको सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना र अख्तियारीनामा प्राप्त व्यक्तिको परिचयपत्र एवं सम्पर्क नं. सहितको विवरण।
६. प्रवर्द्धक तथा परामर्शदातृ संस्था बिच भएको सम्झौता, परामर्शदातृ संस्थाको कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, प्रबन्धपत्र र नियमावलीको प्रमाणित प्रतिलिपि।

(महेन्द्र साह सोनार)
इलेक्ट्रिकल इन्जिनियर